# महाकुलुङ राजपत्र

महाकुलुङ गाउँ कार्यपालिकाद्धारा प्रकाशितः

खण्ड २, बुङ, सोलुखुम्बु नेपाल, मंसिर ६ गते २०७६ साल
अतिरित्ताङ्क २

# भाग २

## महाकुलुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बुङ, सोलुखुम्बु
## १ नं. प्रदेश, नेपाल

# महाकुलुङ गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यविधि, २०७५

*गाउँकार्यपालिकाबाट स्वीकृत मितिः  २०७६/०१/०७*

महाकुलुङ गाउँपालिकामा प्राविधिक जनशक्ती तथा विशेषज्ञ उत्पादन गर्ने उद्देश्यले गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्ने वान्छनीय भएकोले महाकुलुङ गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक
## सम्क्षिप्त नाम र परिभाषाः

१.**संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम "महाकुलुङ गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"कार्यपालिका"** भन्नाले महाकुलुङ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख. **"अध्यक्ष"** भन्नाले महाकुलुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले महाकुलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ. **"एम बि बि एस"** भन्नाले चिकित्सा विज्ञान विषयको स्नातक तहलाई समझनु पर्दछ ।

ङ. **"वि भि एस्सी एण्ड ए एच"** भन्नाले पशु चिकित्सा विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

च. **"बी एस एजी" भन्नाले** कृषि विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

छ. **"बी एस्सी फोरेष्टी"** भन्नाले बन विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

ज. **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग वा इकाइलाई सम्झनु पर्दछ ।

झ. **"सिटिइभिटि"** भन्नाले प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद् सम्झनु पर्दछ ।

ञ. **"सामुदाययक विद्यालय"** भन्नाले स्थानीय तह वा व्यवस्थापन समितिले जिम्मा लिएको विद्यालयलाई सम्झनु पर्दछ ।

ट. **"डिप्लोमा"** भन्नाले प्राविधिक प्रविणता प्रमाणपत्र तहको जुनसुकै कोर्षलाई सम्झनु पर्दछ ।

ठ. **"एल एल बी"** भन्नाले कानुन विषयको स्नताक तहलाई सम्झनु पर्दछ ।

ड. **"बी ई"** भन्नाले ईन्जिनियरिङ विषयको स्नातक तहलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## छात्रवृत्ति प्रदान विषय र आवश्यक न्युनतम योग्यता

यो कार्यविधि अन्तर्गत प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र र स्नातक तहमा अध्ययनको लागि तपशीलमा उल्लेख भए बमोजिमको कोर्षहरु अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्न सकिनेछ । छात्रवृत्ति प्रदान गर्दा जम्मा लाग्ने शुल्कको बढीमा ५० प्रतिशत सम्म प्रदान गर्न सकिनेछ ।

**३ प्रविणता प्रमाणपत्र तह्**

१. प्रमाणपत्र तह् नर्सींङ

२. डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान)

३. डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान)

४. डिप्लोमा इन फोरेष्टी

५. डिप्लोमा इन सिभिल इन्जिनियरिङ

६. डिप्लोमा इन इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ

७. प्रमाणपत्र तह् सामान्य चिकित्सा

८. प्रमाणपत्र तह् मेडिकल ल्याब टेक्नोलोजी

९. प्रमाणपत्र तह् डेण्टल साइन्स

१०. प्रमाणपत्र तह् अप्थाल्मिक विज्ञान

**४ . स्नातक तहः**

१. बी. फार्मेसी

२. बी एस्सी एजी

३. बी भि एस्सी एण्ड ए एच

४. एम वि वि एस

५. बी ई (सिभिल एण्ड मेकानिकल)

६. एल एल बि

७. बी फोरेष्टी

छात्रवृत्ति प्राप्त गर्न आवश्यक न्युनतम योग्यता वा प्राप्तांकको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड अनुसार हुनेछ ।

दफा ४ र ५ मा जुनसुकै कुरा उल्लेख भएपनि अन्य विषय वा विधा अध्ययन गर्ने अति गरिब तथा जेहेन्दार विद्यार्थीलाई शिक्षा शाखाको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ३
## छात्रवृत्तीको लागि आधारभूत मापदण्ड

५. देहायका मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसूची १ बमोजिमको निवेदन उपर कारबाही गरी यो छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

क. महाकुलुङ गाउँपालिका भित्र स्थायी बसोबास,
ख. अति विपन्न/जेहेन्दार/दलित,
ग. फौजदारी अभियोगमा कसुरदार नठहरिएको,
घ. नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड पूरा गरेको,
ङ. सामुदायिक विद्यालयबाट एसएलसी/एसईई उत्तीर्ण गरेको,
च. अनुसूची २ बमोजिमको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ति एक पटक मात्र पाउनेछ ।

**परिच्छेद ४**
**छात्रवृत्ति छनौट तथा सिफारिस समिति**

६. छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँकार्यपालिकालाई सिफारिस गर्ने देहायबमोजिमको छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | स्वास्थ शाखा प्रमुख | सदस्य |
| ङ. | पशु सेवा शाखा प्रमुख | सदस्य |
| च. | कृषि शाखा प्रमुख | सदस्य |
| छ. | वडा अध्यक्षहरु ५ जना | सदस्य |
| ज. | संयोजकले तोकेको सामुदायिक विद्यालयको १ जना प्र.अ. | सदस्य |

झ. शिक्षा शाखा प्रमुख सदस्य सचिव

७. **छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः** छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. छात्रवृत्ति शिर्षकमा बजेट विनियोजन तथा ब्यवस्था गर्ने,

ख. गाउँपालिका भित्र अति विपन्न, जेहेन्दार विद्यार्थीको पहिचान गर्ने/गर्न लगाउने,

ग. छात्रवृत्तिको लागि उम्मेदवार छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,

घ. छात्रवृत्तिका लागि मनोनयन भएका उम्मेदवारसँग अनुसूची २ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र तयार गर्ने/गर्न लगाउने,

ङ. उम्मेदवारको प्रगति विवरण बारे गाउँ कार्यपालिकालाई जानकारी गराउने,

च. गाउँ कार्यपालिकाबाट तोके बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद ६
## छात्रवृत्ति कोषको स्थापना

८. **कोषको स्थापनाः**

क. छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले गाउँ कार्यपालिकाको मातहतमा रही छुट्टै छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।

ख. कोषको आय रकम संकलन तथा ब्यय रकम परिचालनको लागि गाउँपालिकाको संचित कोष रहेको वित्तीय संस्थामा एउटा छुट्टै खाता खोली सञ्चालन गरिनेछ ।

ग. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट उक्त खाता सञ्चालन गरिनेछ ।
दफा ८ मा जुनसुकै कुरा उल्लेख भएता पनि कोषको स्थापना भईनसकेको अवस्थामा गाउँकार्यपालिकाले निर्णय गरी छनौट भएका उम्मेदवारलाई निजको ब्यत्तिगत खाता मार्फत सोझै भुक्तानी गरिनेछ ।

९. **कोषको आम्दानीः** कोषमा देहाय बमोजिमको स्रोतहरु आम्दानीको रुपमा जम्मा हुनेछ ।

क. गाउँपालिकाको बार्षिक बजेट मार्फत छात्रवृत्ति कोषमा जम्मा हुने रकम,

ख. सरकारी तथा गैर सरकारी संघसंस्था तथा अन्य दाताहरुबाट प्रचलित कानुन बमोजिम प्राप्त रकम,

ग. ब्यत्तिगत रुपमा प्राप्त शैक्षिक सहयोग,

घ. कोषको लागि अभियानबाट जम्मा भएको रकम ।

## परिच्छेद ७
## कोषको लेखा र लेखापरीक्षण

१०. कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

११. कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण प्रचलित कानुनबमोजिम हुनेछ ।

**अनुसूची १**

**छात्रवृत्ति आवेदन फारम**

दुवै कान देखिने हालसालैको फोटो

मितिः २०....../....../......

प्रस्तुत विषयमा यस गाउँपालिकाको मडा नं. ......स्थायी निवासी...................को नाति/नातिनि...........को छोरा/छारी म..............ले गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति..............संकायको...............विश्वविद्यालयको.............. डिप्लोमा/स्नातक तह.................विद्यालय/क्याम्पसमा अध्ययनको लागि छात्रवृत्ति पाउँ भनि यो निवेदन पेश गर्दछु ।

| **क्र.सं.** | **शैक्षिक संस्था** | **शैक्षिक वर्ष** | **प्राप्तांक** | **कै.** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**निवेदक**

**नाम,थरः**

**दस्तखतः**

## अनुसूची २

## प्रतिबद्धता पत्र

यस गाउँपालिकाको वडा न. ..........निवासी...................को नाति/नातिनी................छोरा/छोरी म....................ले गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकामा कम्तिमा ..................वर्ष सेवा गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

**औँठाको छाँप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**